विशेष अदालत
काठमाण्डौं

# विशेष अदालतका रजिस्ट्रार श्री हरिराज कार्कीको बिदाइ कार्यक्रम सम्पन्न

विशेष अदालतका रजिस्ट्रार श्री हरिराज कार्कीको बिदाइ कार्यक्रम सम्पन्न भएको छ। विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन यस अदालतका उपरजिस्ट्रार श्री धनबहादुर कार्कीले गर्नुभएको थियो।

विशेष अदालतमा मिति २०८०।६।१० गतेका दिन रजिस्ट्रारको रुपमा हाजिर हुनुभएका कार्कीले करिब ४ महिना यस अदालतमा रजिस्ट्रारको रुपमा रही कार्य गर्नुभएको हो। सर्वोच्च अदालतको मिति २०८०।०९।२६ को निर्णयानुसार कार्की सर्वोच्च अदालतमा सह-रजिस्ट्रारको रुपमा काज सरुवा हुनुभएको हो।

कार्यक्रममा विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवरले रजिस्ट्रार श्री हरिराज कार्की इमान्दार, मेहनती, समन्वयकारी र प्रतिफल प्रति विश्वास गर्ने भएकाले नै विशेष अदालतले उहाँको कार्यकालमा मुद्दा फछ्र्यौटमा गति लिएको बताउनुभयो। कार्यक्रममा रजिस्ट्रार श्री हरिराज कार्कीले आफ्नो कार्यकालमा आफ्नो तह र तप्काबाट गर्न सकिने कार्य गरेको बताउनुभयो। उहाँले सबैको साझा प्रयासबाट विशेष अदालतका कामकारवाहीहरू प्रभावकारी भएको बताउँदै आफूले जुनजुन ठाउँ र जिम्मेवारीमा रहेर कार्य गर्दा पनि निष्पक्षताकासाथ गरेको र आगामी दिनमा समेत सोही अनुरुप कार्य गर्ने प्रतिबद्धता जनाउनुभयो। त्यसैगरी विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता र विशेष अदालत बार एसोसिएसनका अध्यक्ष चुडामणि पौडलेले रजिस्ट्रार कार्कीको कार्यकाल छोटो भएतापनि बार र बेञ्च बिचको सम्बन्ध सुमधुर भएको बताउनु भयो।

बिदाइ कार्यक्रममा विशेष अदालतका अध्यक्ष तथा सदस्य माननीय न्यायाधीशहरू, विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता, विशेष अदालत बार एसोसिएसनका अध्यक्ष, विशेष अदालतका उपरजिस्ट्रारलगायत सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो।

मितिः २०८०।१०।०३

धनबहादुर कार्की
उपरजिस्ट्रार/सूचना अधिकारी